# “पैदल अनुसन्धान क्रियाकलाप”मा सहभागिताका लागि आवेदन आह्वान

| | |
|---|---|
| **परियोजनाको नाम:** | युएसएआईडी नेपालको आर्थिक सहयोगमा द एशिया फाउण्डेशनले नेपालमा कार्यान्वयन गरेको युएसएआईडी नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत मार्टिन चौतारीले लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन गरिरहेको “पैदल अनुसन्धान क्रियाकलापको माध्यमबाट महिला, युवा तथा सीमान्तकृत समुदायको क्षमता अभिवृद्धि” परियोजना |
| **परियोजनाको उद्देश्य:** | महिला, युवा तथा सीमान्तकृत समूह लक्षित विभिन्न सामाजिक/सामुदायिक कार्यमा संलग्न भएको आधारमा आफ्ना काम र अनुभवलाई अनुसन्धान-लेखनको माध्यमबाट अभिलेखीकरण गर्न र सम्बन्धित समस्याको समाधान पहिल्याउन सोही समुदायका सदस्य/नागरिक समाजलाई सक्षम बनाउनु। |
| **कार्य:** | **आफ्नो कार्य अनुभव भएको कुनै महत्त्वपूर्ण तर बहसमा नआएको वा अध्ययन नभएको विषय-मुद्दामा अध्ययन-अनुसन्धान गरेर कम्तीमा ३,००० शब्दको लेख लेख्ने** |
| **अवधि:** | ८ (आठ) महिना |

## आवश्यक योग्यता/प्रतिबद्धता

| | |
|---|---|
| उमेर: | १८ देखि ४० वर्ष |
| लिङ्ग: | महिलालाई प्राथमिकता |
| समूह: | मधेशी/पहाडी दलित, सीमान्तकृत जनजाति, धार्मिक अल्पसङ्ख्यक, अति-विपन्न, अपाङ्गता भएको, लैङ्गिक अल्पसङ्ख्यक, वा अरू सीमान्तकृत समूहको हुनुपर्ने एवं मधेश वा लुम्बिनी प्रदेशभित्र बसोबास गरेको हुनुपर्ने |
| शिक्षा: | कम्तिमा १२ कक्षा उत्तीर्ण |
| अनुभव: | कुनै सामाजिक कार्यमा कम्तीमा २ वर्ष काम गरेको, र धेरै हदसम्म आफ्नै कार्य अनुभवको आधारमा पनि लेख्न सक्ने |
| लेखन: | लेख्ने अनुभव भएकोलाई प्राथमिकता (नेपाली भाषामा) |
| समय: | ८ महिनासम्म हप्तामा १-२ दिन अनुसन्धान र लेखनका लागि समय दिन सक्ने र ५ ओटा तालिम-कार्यशालाको लागि कम्तीमा ९ पूरा दिन समय दिन सक्ने। |

**इच्छुक योग्य व्यक्तिहरूले आफ्नो बायोडाटा (CV) र ३००–५०० शब्दको अवधारणा-पत्र (Concept Note) लेखेर barefoot.martinchautari@gmail.com मा कार्तिक ७, २०८१ (अक्टोबर २३, २०२४) भित्र पठाउन अनुरोध गरिन्छ।**

## छनौट विधि

१) बायोडाटाका साथै, अवधारणा-पत्रमा विषय-मुद्दा पहिचान गर्न सक्ने र त्यसलाई वैचारिक रूप दिन (conceptualize गर्न) सक्ने आधारमा प्रारम्भिक छनोट (Short-listing) गरिनेछ।

२) Short-listing भएकाहरूले छनौट कार्यशालामा आ-आफ्नो अवधारणा-पत्रबारे प्रस्तुति गर्नेछन्। सो प्रस्तुति र प्रतिबद्धताको आधारमा अन्तिम छनोट गरिनेछ।

## अनुसन्धानको लागि दिइने प्रोत्साहन/सहयोग

छानिएका पैदल अनुसन्धातालाई अनुसन्धान-लेखन सम्बन्धी विभिन्न तालिम, तोकिएको विशेषज्ञबाट नियमित सुपरिवेक्षण, लेख प्रकाशनको लागि उत्प्रेरणा, र स्थलगत अनुसन्धानका लागि बढीमा रु. ६०,००० (साठी हजार) सम्म अनुसन्धानवृत्ति दिइनेछ।

## सहयोगी पठन-सामग्री

पैदल अनुसन्धाताले गर्ने अनुसन्धान-लेखनको कामबारे थप बुझ्नको लागि तलका पुस्तकका लेखहरू पढ्न सकिन्छ।

साह, सोहन प्रसाद र महेशराज महर्जन, सं.। २०७६। *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि*। काठमाडौँ : मार्टिन चौतारी।

साह, सोहन प्रसाद र देवराज हुमागाईं, सं.। २०७९। *मधेश प्रदेशमा पैदल अनुसन्धान*। काठमाडौँ : मार्टिन चौतारी।

## सम्पर्क

मार्टिन चौतारी

फोन नं. ५३३८०५०, ५३४००५९, ४१०२०२७, ४१०२२४३ वा ९८४१३०१३४२, ९८०२३५०३४५ मा सम्पर्क गर्नुहोला।